मन्त्रालयबाट स्वीकृत मिति: २०७८/१०/०३

# कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०७८

प्रस्तावनाः मन्त्रालय मार्फत कार्यान्वायन हुने सार्वजनिक निर्माण सम्बन्धी कार्य, बागमती प्रदेश प्रहरी कार्यालय र मातहतका प्रहरी एकाई भवनहरु निर्माण कार्यसँग सम्बन्धित आयोजना कार्यान्वयन गर्दा लागत अनुमानमा व्यवस्था भए बमोजिमको कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रियालाई थप पारदर्शी, मितव्ययी, औचित्यपूर्ण र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ अनुसूची-१ को द्रष्टव्य (ग) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिछेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले मन्त्रालय मार्फत कार्यान्वायन हुने सार्वजनिक निर्माण सम्बन्धी कार्य, बागमती प्रदेश कार्यालय र अन्तर्गतका जिल्लामा निर्माण हुने/भईरहेका प्रहरी एकाई भवन निर्माण सम्झनु पर्छ ।

(ख) "कन्टिन्जेन्सी खर्च" भन्नाले दफा ३ बमोजिमको शीर्षकमा गरिने खर्च सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले सार्वजनिक खरिद निचयमावली, २०६४ सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## कन्टिन्जेन्सी खर्च शीर्षक

३. **कन्टिन्जेन्सी खर्च शीर्षकः** (१) नियमावलीको अनुसूची-१ को द्रस्टव्य (ग) बमोजिम खर्च गर्नको लागि देहाय बमोजिमको शीर्षक निर्धारण गर्नु पर्नेछः-

(क) वर्क चार्ज स्टाफ खर्च,

(ख) अन्य सानातिना खर्च ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको शीर्षकबाट देहाय बमोजिमको काममा खर्च गर्न सकिनेछः-

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश हेटौंडा मकवानपुर, नेपाल

कृष्ण प्रसाद शर्मा खनाल (मन्त्री)

(क) सम्बन्धित आयोजनाको निर्माण कार्यको सुपरीवेक्षण, सञ्चालन तथा संरक्षणका लागि आवश्यक अस्थायी प्रकृति (करार, ज्यालादारी) को जनशक्ति व्यवस्थापन,

(ख) विवाद समाधान सम्बन्धी काममा हुने परामर्श सेवाको खर्च,

(ग) खरिदसँग सम्बन्धित कार्यको लागि तत्काल कुनै अध्ययन वा परामर्श सेवा लिन आवश्यक भएमा त्यस्तो सेवाको खर्च ।

स्पष्टीकरण: यस उपदफाको खण्ड (क) बमोजिमको खर्च मन्त्रालय मार्फत मात्र गर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको शीर्षकबाट देहाय बमोजिम काम वा विषयमा खर्च गर्न सकिने छः-

(क) सम्बन्धित निर्माण कार्य सम्बन्धी बोलपत्र वा प्रस्ताव तयारी खर्च,

(ख) सूचना प्रकाशन खर्च,

(ग) सम्बन्धित आयोजनाको सुपरिवेक्षणमा हुने इन्धन खर्च तथा दैनिक भ्रमण भत्ता खर्च,

(घ) सवारी साधन मर्मत, सम्भार र सवारी साधन भाडा,

(ङ) आयोजनाको लागि आवश्यक दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधन(चार पाङ्ग्रे सवारी साधनको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतीमा खर्च गरिनेछ),मेशिनरी तथा निर्माण कार्यमा प्रयोग हुने आवश्यक सुरक्षाउपकरण, यन्त्र लगायतका कार्यालयलाई आवश्यक पर्ने फर्निचर फिक्चर, स्टेशनरी खरिद,

(च) टेलिफोन, विद्युत तथा पानी महसुल खर्च,

(छ) बोलपत्र मूल्याङ्कन तथा आयोजनासँग सम्बन्धित बैठक, प्रस्तुतीकरणसँग सम्बन्धित खर्च,

(ज) नेंपाल सरकार तथा प्रदेश सरकारले घोषणा गरेको जनस्वास्थ्यसँग सम्बन्धित कोभिड-१९ को अवस्थामा आवश्यकता अनुसार निर्माण कार्यसँग सम्बन्धित जनशक्तिको(दक्ष/अदक्ष, ज्यामी तथा सुपरिवेक्षणमा संलग्न कर्नचारी समेत) सरकारी अस्पतालमा लाग्ने पि.सि.आर./एन्टिजेन परिक्षणको शुल्क वा सरकारले तोकेको सो वापदको दर रेट बराबरको रकम, कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा प्रयोग हुने आवश्यक स्वास्थ्य सामाग्री,

(झ) अतिथी सत्कार तथा भवन उद्घाटन खर्च,

(ञ) निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च,

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल



कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

(ट) विविध खर्च ।

परिच्छेद-३

कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रिया

४. <u>कन्टिन्जेन्सी रकम खर्च गर्ने सीमा:</u> (१) कुनै पनि आयोजनाको स्वीकृत लागत अनुमानको बढीमा चार प्रतिशत बराबरको रकम मात्र खर्च गर्न योग्य कन्टिन्जेन्सी रकम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको रकमको गणना मूल्य अभिबृद्धि कर वाहेकको लागत अनुमानको आधारमा गर्नु पर्नेछ ।

(३) मन्त्रालयले आयोजना सञ्चालन गर्ने निकायहरुलाई कन्टिन्जेन्सी रकमको २५ (पच्चीस) प्रतिशत बराबरको रकम स्वीकृत कन्टिन्जेन्सी योजना बमोजिम खर्च गर्ने गरी प्रदान गर्नेछ । उक्त रकम भन्दा बढी खर्च गर्न आवश्यक भएमा सम्बन्धित निकायले मन्त्रालयलाई थप बजेटको लागि अनुरोध गर्न सक्नेछ ।

(४) खरिद सम्झौता हुन बाँकी रहेको वा खरिद सम्झौता भएको तर कार्य प्रारम्भ भइ नसकेको अवस्थामा पनि सो खरिद व्यवस्थापनको लागि यो कार्यविधि बमोजिमको कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ ।

(५) बहुवर्षीय खरिदको सम्बन्धमा चालु आर्थिक वर्षको लागि विनियोजन भएको रकमबाट खर्च हुने रकमको अनुपातको आधारमा कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने छ । कुनै आर्थिक वर्षमा खर्च रकमको अनुपात भन्दा बढी कन्टिन्जेन्सी रकम खर्च गर्नु परेमा मन्त्रालयले थप निर्णय गर्नु पर्नेछ ।

५. <u>कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नु पर्ने:</u> यस कार्यविधि बमोजिम प्रत्येक प्रहरी भवन निर्माण आयोजनामा खर्च भएको कन्टिन्जेन्सी रकमको अभिलेख अनुसूची-१ बमोजिमको ढाँचामा राखी नापी किताबमा समेत अद्यावधिक रुपमा प्रविष्ट गर्नु पर्नेछ ।

६. <u>सुपरीवेक्षक तथा अन्य कर्मचारीहरुको विवरण र पारिश्रमिक भुक्तानी:</u> (१) निर्माण कार्यको लागि दैनिक सुपरिवेक्षणमा खटिएका करार सम्झौता अन्तर्गतका सुपरिवेक्षक तथा अन्य कर्मचारीहरुको बैयक्तिक तथा अन्य विवरण प्रत्येक खरिद कार्यको लागि अलग-अलग तयार गरी राख्नु पर्नेछ । उक्त विवरण एक आर्थिक वर्षमा एकपटक अनिवार्य रुपमा सम्बन्धित श्रेस्तामा राख्नु पर्नेछ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

(२) उपदफा (१) बमोजिमको विवरण तयार गर्दा निजको नाम, ठेगाना, फोन नंबर खुलेको निवेदन, नागरिकताको प्रमाणपत्र तथा शैक्षिक योग्यता वा तालिमको प्रमाणपत्र अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको व्यक्तिहरुलाई पारिश्रमिक भुक्तानी गर्दा निजको बैंक खाता मार्फत गर्नु पर्नेछ ।

## परिच्छेद-४

## विविध

७. <u>कन्टिन्जेन्सीखर्च योजनातयार गर्नेः</u> प्रत्येक आयोजनाको कुल कन्टिन्जेन्सी रकमबाट दफा ३ को उपदफा (२) र (३) अन्तर्गतका शीर्षकमा के-कति खर्च हुने हो सो को समेत अनुमानित कन्टिन्जेन्सी खर्च योजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

८. <u>मितव्ययिता कायम गर्नु पर्नेः</u> कन्टिन्जेन्सी रकम खर्च गर्दा मितव्ययी रुपमा खर्च गर्नु पर्नेछ ।

९. <u>प्रचलित कानूनको पालना गर्नु पर्नेः</u> यस कार्यविधि बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा प्रचलित कानून पालना गर्नु पर्नेछ ।

१०. <u>बाधा अड्काउ फुकाउनेः</u> यस कार्यविधिको कार्यान्वनको सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यसको बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

## अनुसूची-१

**(दफा ५ सँग सम्वन्धित)**

प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

..........................................कार्यालय

**कन्टिन्जेन्सी खर्चको विवरण**

| | | | | |
|---|---|---|---|---|
| आयोजनाको नामः | ठेक्का न. : | कार्यक्रम स्थल : | जिल्ला : | प्रदेशः |
| बजेट उपशीर्षक नं. : | लागत अनुमान (मु. अ. क. वाहेक) : | सम्झौता (मु.अ. क. वाहेक) : | गा.पा./न.पा :<br>वडा नं. | |
| स्वीकृत/प्राप्त कन्टिन्जेन्सी रकमः (अंकमा) | | (अक्षरमा) | | |

| मिती | गो.भौ. न. | खर्च को व्यहोरा | गत आ.ब. सम्मको कुल कन्टिन्जेन्सी खर्च | यस आ.व. को कन्टिन्जेन्सी खर्च | | | | | | | | | | | | यो बर्ष सम्मको कन्टिन्जेन्सी खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्क चार्ज | | | सानातिना खर्च | | | | | | | | जम्मा कन्टिन्जेन्सी खर्च | |
| | | | | मस्टरोल ज्याला | परामर्श सेवा | अन्य | इन्धन तथा दैनिक भ्रमण भत्ता खर्च | स्टेशनरी, छपाई, सुचना, प्रकाशन आदि | मर्मत सम्भार खर्च | टेलिफोन, विधुत, पानी | सवारी साधन, उपकरण, यन्त्र खरिद तथाभाडा खर्च | बोलपत्र मूल्याङ्कन लगायत अन्य बैठक वापदको खर्च | अतिथी सत्कार तथा भवन उद्घाटन | विविध खर्च | | |
| | | | | | | | | | | | | | | | | |

तयार गर्ने
(लेखा प्रमुख)

प्रमाणित गर्ने
(कार्यालयप्रमुख)

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

५